आज मिति २०८२ साल चैत्र महिनाको १६ गते दिनको ठिक ८.०० वजे यस म्याग्दे गाउँपालिका तनहुँको गाउँ कार्यपालिकाको १८५ औ नियमित वैठक ( दोश्रो पदाधिकारीको अन्ठाउन्नौ वैठक ) गाउँपालिकाका अध्यक्ष श्री श्रीप्रसाद श्रेष्ठ ज्यु को अध्यक्षतामा वसी निम्न उपस्थितिमा तपशिल बमोजिमको निर्णय गरियो ।

**तपशिल**

१ अध्यक्ष श्री श्रीप्रसाद श्रेष्ठ

२ उपाध्यक्ष श्री वालकृष्ण घिमिरे

३ वडा न. १ वडा अध्यक्ष श्री मणि भद्र वाग्ले

४ वडा न. २ का वडा अध्यक्ष श्री शिव वहादुर क्षेत्रि

५ वडा न. ३ का वडा अध्यक्ष श्री टुक राज अधिकारी

६ वडा न. ४ का वडा अध्यक्ष श्री दिपक कुमार श्रेष्ठ

७ वडा न. ५ का वडा अध्यक्ष श्री शिव वहादुर आले

८ वडा न. ६ का वडा अध्यक्ष श्री हिरा लाल गुरुङ्ग

९ वडा न. ७ का वडा अध्यक्ष श्री वसन्त कुमार श्रेष्ठ

१० महिला सदस्य श्री वद्रिका भट्टराई घिमिरे

११ महिला सदस्य श्री चिनिमाया थापा

१२ महिला सदस्य श्री जानकी थापा

१३ महिला सदस्य श्री सिता कुमाल

१४ अल्पसख्यक वा दलित सदस्य श्री होम वहादुर नेपाली

१५ दलीत सदस्य श्री थम माया कामी .

१६ सदस्य सचिव श्री नारायण प्रसाद अधिकारी

Scanned with CamScanner

म्याग्दे गाउँकार्यपालिकाको १८५ औ वैठक मिति २०८२।१२।१६ पेशहुने २४ वटा ऐजेण्डाहरु

०१, प्रकाशित ठेक्का सूचना, परामर्श सेवा तथा खरिद कार्य अनुमोदन सम्वन्धमा ।

०२, उत्पादनमा आधारित अनुदान कार्यक्रमको प्राप्त निवेदन उपर स्थलगत अध्यन प्रतिवेदन र लक्षीत वर्ग छनौट सम्वन्धमा ।

०३, आन्तरिक आय ठेक्का रद्ध, धरौटी जफत सगै कालो सुचीमा राख्ने सम्वन्धमा ।

०४, थर्पु अस्पताल सञ्चालक समितिको सिफारिस कार्यन्वयन सम्वन्धमा ।

०५, राजश्व परामर्श समितिको वैठक निर्णय तथा सिफारिस कार्यन्वयन सम्वन्धमा ।

०६, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशन कार्यान्वयन सम्वन्धमा ।

०७, विभिन्न मापदण्ड तथा कार्यविधि स्वीकृत सम्वन्धमा ।

०८, सडक नदी तथा विभिन्न क्षेत्रको मापदण्ड तयगर्ने , तिनपाग्रे सवारी साधनको भाडा निर्धारण गर्ने , लगाएतका विषयमा छलफल सम्वन्धमा ।

०९, लिलामं विकी गर्न वाकी रहेका नदीजन्य पदार्थको पुन नापजाच सम्वन्धमा ।

१०, आगामी आ.व. ०८३।०८४ को वजेट तर्जुमाको जिम्मेवारी वाडफाड सम्वन्धमा ।

११, नेपाल सरकारको शासकीयसुधार सम्वन्धी १०० वुदाको जानकारी तथा कार्यन्वयन सम्वन्धमा।

१२, विद्यालय स्तरीकरण सम्वन्धमा ।

१३, स्थानीय आर्थिक गणना समन्वय समिति गठन सम्वन्धमा ।

१४,गणक भर्ना तथा तथ्याङ्क संकलन सम्वन्धमा ।

१५, तनहुँ उद्योग वाणिज्य संघको पत्र जानकारी सम्वन्धमा ।

१६, योजना कार्यन्वयन सम्वन्धमा ।

१७, निकाशी कर संकलक सेवा सुविधा सम्वन्धमा ।

१८, गण्डकी प्रदेश विशेष र समपुरक अनुदान योजना स्वीकृत सम्वन्धमा ।

१९, जग्गाको लगत कट्टा प्रस्ताव पेश गर्ने सम्वन्धमा ।

२०, रुख कटान अनुमती सम्वन्धमा ।

२१, तोक आदेश तथा टिप्पणी स्वीकृत सम्वन्धमा ।

२२, योजना फरफारक सम्वन्धमा ।

२३, अघिल्लो निर्णय कार्यान्वयन समिक्षा सम्वन्धमा ।

२४, विविध विषय सम्वन्धंमा ।

Scanned with CamScanner

२०८२।१२।१६ को गाउँ कार्यपालिका बैठकका निर्णयहरु

निर्णय न. १८५/२०८२०८३– ०१,

यस कार्यालयवाट विभिन्न समयमा प्रकाशित तपशिल बमोजिमका ठेक्का सूचना अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

(क) पशुसेवा अस्पताल

# Myagde Rural Municipality
## Office of Rural Municipal Executive
### Chhang, Tanahun, Gandaki Province

**Invitation for only electronic bids**

Date of publication: 2082/12/05 (March-19, 2026)

1. Myagde Rural Municipality invites only electronic bids from Nepalese eligible bidders for the construction of following projects under Sealed Quotation.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of *Myagde Rural Municipality, Office of Rural Municipal Executive, Chhang, Tanahun* or may visit

| S.N | Name Of the Project | Contract ID | Estimated amount (Inclusive of P.S and VAT but without contigencies) Nrs. | Bid Security Amount Nrs. | Bid Document Fee Nrs. | First Date of publication | Last Date Of Submission |
|---|---|---|---|---|---|---|---|
| 1 | Construction Of Krishi Tatha Pasupanchi Sewa Bistar Bhawan . | MRM-35-2082/083 | 19,99,930.37 | 50,000.00 | 1000/- | 2082/12/05 (2026-03-19) | 2082/12/20 (2026-04-03) |

3. .PPMO website www.bolpatra.gov.np/egp for further information

Scanned with CamScanner

4. Bidders shall deposit the cost of bidding documents specified above for each contract in an account as specified below:

   Name of the Bank: **Laxmi Sunrise Bank Ltd, Tharpu, Tanahun**
   Name of the Office: **Myagde Rural Municipality**
   Office Account no(For Bid Document Fee): **07803000130**
   Office Account no(For Bid Security ): **07803000109**

5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**(ख) आन्तरिक आय ठेक्का तर्फ**

## कार्यपालिकाको कार्यालय

छाङ्ग, तनहुँ
गण्डकी प्रदेश, नेपाल

### नदीजन्य पदार्थको बिक्रीका लागि विद्युतिय माध्यमवाट बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८२/१२/०२)

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२क. र यस म्याग[illegible]उँपालिका, गाउँ कार्यपालिकाको निर्णय बमोजिम तपशिलमा उल्लेखित नदि किनारका स्वीकृत घाटहरुबाट जे जस्तो अवस्थामा छन सोहि अवस्थामा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरि नियमानूसारको दररेटमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र, ठेक्का प्रक्रियामा भाग लिन अयोग्य नभएको स्वघोषणा र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल

| सि.नं | सूचना नं./बोलपत्र न. | बोलपत्रको नाम | उत्खनन परिणाम (घन मिटर) | न्युनतम बोलपत्र रकम (कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर(रु.) |
|---|---|---|---|---|---|---|
| १ | MRM-३४-२०८२/०८३ | घुमाउने घाट, म्याग्दे-४ | १२८१९.०० | रु. ३१,६९,३६९.५६ (एकतिस लाख उन्नानसत्तरी हजार तीन सय उन्नानसत्तरी रुपैया छपन्न पैसा मात्र) | कबोल अङ्कको ५ प्रतिशत | रु. ३,०००.०० (तीन हजार रुपैया मात्र) |

Scanned with CamScanner

वोलपत्र सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल www.bolpatra.gov.np मार्फत मिति २०८३/०१/०३ गते दिनको १२:०० बजेसम्म पेश गर्न सकिनेछ साथै विस्तृत जानकारीको लागि यस कार्यालयको website:https://myagdemun.gov.np/ मा समेत हेर्न र कार्यालय समयभित्र फोन नं. ०६५-४००१०८ मा सम्पर्क गर्न सकिने छ।

(ग) अन्य पुर्वाधार जन्य ठेक्का तथा परामर्श सेवा तथा सवै प्रकारका खरिद कार्यहरु अनुमोदन गर्ने ।

निर्णय न. १८५/२०८२।०८३– ०२,

म्याग्दे गाउँपालिका वाट चालु आर्थिक वर्ष ०८२।०८३ को लागी स्वीकृत वजेट सि.न.२४१ उत्पादनमुलक रोजगारमुलक लागत साझेदारी कार्यक्रम अर्न्तगत विनियोजित रकम रु ३५ लाख र सि.न. २४२ उत्पादनमा आधारित प्रोत्साहन अनुदान तर्फ विनियोजित रु ६ लाख गरी जम्मा रु ४१ लाख वजेट विनियोजन भए वमोजिम उत्पादनमुलक/रोजगारमुलक व्यवसायीक योजनामा आधारित लागत साझेदारी अनुदान कार्यकम अर्न्तगतका तपशिल बमोजिमका कार्यक्रमहरु कार्यन्वयन गर्नेगरी इच्छुक १८ देखी ५९ वर्ष उमेर समुहका उत्पादन गरिरहेका व्यवसायीक व्यक्तीहरु / तथा उत्पादनमुलक रोजगारमुलक व्यवसायीक योजना वनायका अर्ध वेरोजगार/वेरोजगार र वैदेशीक रोजगार वाट फर्केका यस गाउँपालिकामा स्थाई वसोवास गर्ने युवाहरु लाई लक्षीत गरी समुह क, ख, ग, र घ गरि ४ वटा कार्यक्रममा तपशिल वमोजिम ५३ जना लाभग्राही छनौट गर्नेगरि १५ दिने सुचना मिति २०८२।१०।१५ को कार्यपालिका निर्णय र दोश्रो पटक मिति ११।१५ को कार्यपालिका निर्णय अनुसार प्रकाशन गरिएकोमा वडा कार्यालय, पशुसेवा उपशाखा, कृषि विकाश उपशाखामा प्राप्त भएका सवै निवेदन उपर प्रमुख प्रशासकिय अधिकृत , अध्यष, उपाध्यक्ष र आर्थिक विकाश समिति सहित कृषि र पशु सेवा उपशाखा मार्फत स्थलगत अध्यन प्रतिवेदन पेशगर्न लगाई आर्थिक विकाश समितिको निर्णय अनुसार लाभग्राही स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न | उत्पादनमुलक / रोजगारमुलक व्यवसायीक योजनामा आधारित लागत साझेदारी अनुदान कार्यकम विवरण | छनौट गरिने लक्षीत समुह सख्या | ५०%अनुदान अधिक्तम रु | जम्मा स्वीकृत रकम रु | व्यवसायको प्रकृति तथा वर्गिकरण |
|---|---|---|---|---|---|

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ०१ | **समुह (क) ठुला व्यवसाय तर्फ** /कृर्षि, पशु, पर्यटन, उद्यम लगाएतका क्षेत्रहरुमा क्षेत्रगत पुर्वाधार निर्माण/ आय आर्जनको लागी पशुधन खरिद/ प्रविधि खरिद/ र आय आर्जन र रोजगार मुलक कार्यकममा ५० प्रर्तिसत लागत साझेदारी | ३ | जनही तिन लाख | ९ लाख | कुल पुजी ५० लाख वा सो भन्दा वढी लगानी भएको र आफु सहित कम्तीमा ३ जना लाई रोजगारी दिएको |
| ०२ | **समुह (ख) मझौला व्यवसाय तर्फ** /कृर्षि, पशु, पर्यटन, उद्यम लगाएतका क्षेत्रहरुमा क्षेत्रगत पुर्वाधार निर्माण/ आय आर्जनको लागी पशुधन खरिद/ प्रविधि खरिद/ र आय आर्जन र रोजगार मुलक कार्यकममा ५० प्रर्तिसत लागत साझेदारी | ३ | जनही दुई लाख | ६ लाख | कुल पुजी २० लाख वा सो भन्दा वढी लगानी भएको र आफु सहित कम्तीमा २ जना लाई रोजगारी दिएको तथा दिने |
| ०३ | **समुह (ग) साना व्यवसाय तर्फ** / कृर्षि, पशु, पर्यटन, उद्यम लगाएतका क्षेत्रहरुमा क्षेत्रगत पुर्वाधार निर्माण/ आय आर्जनको लागी पशुधन खरिद/ प्रविधि खरिद/ र आय आर्जन र रोजगार मुलक कार्यकममा ५० प्रर्तिसत लागत साझेदारी | ५ | जनही एक लाख | ५ लाख | कुल पुजी १० लाख वा सो भन्दा वढी लगानी भएको र कम्तीमा आफु सहित १ जना लाई रोजगारी दिएको तथा दिने |
| ०४ | **समुह (घ) स्वरोजगार तर्फ** / कृर्षि, पशु, पर्यटन, उद्यम लगाएतका क्षेत्रहरुमा क्षेत्रगत पुर्वाधार निर्माण/ आय आर्जनको लागी पशुधन खरिद/ प्रविधि खरिद/ र आय आर्जन र रोजगार मुलक कार्यकममा ५० प्रर्तिसत लागत साझेदारी | ४२ | जनही पचास हजार | २१ लाख | कुल पुजी २ लाख भन्दा वढी लगानी भएको र आफु स्वरोजगार भएको तथा हुने |
| / | जम्मा | ५३ | | ४१ लाख | |

**निर्णय न. १८५/२०८२।०८३– ०३,**

यस कार्यालयबाट मिति २०८२/०८/१२ गतेका दिन नदिजन्य पदार्थको बिक्रीका बोलपत्र न. MRM-19-2082/083, Revenue collection of river bed materials of Ghumanune Ghat,Myagde-04 लागि बिधुतीय माध्यमबाट तेस्रो पटक बोलपत्र आव्हान गरिएकोमा मिती २०८२/०८/२८ गते दिनको १२

Scanned with CamScanner

बजेसम्ममा प्राप्त बोलपत्रहरु खोल्दा बोलपत्रदाता Six Madi Build and Multipurpose Pvt.Ltd, Madi-06, Kaski को मात्र बोलपत्र पेश भएको मुचुल्का खोली बोलपत्र पुर्ण र कानुनी ग्राहीय रहे नरहेको सम्बन्धमा मुल्याङ्कन गर्न बोलपत्र मुल्याङ्कन समितीमा पेस गरिएको, सो बमोजिम मिति २०८२/०९/१६ गते बसेको बैठकद्वारा बोलपत्र प्राविधिक रुपमा पुर्ण रहेको भनि उक्त बोलपत्र अधिकतम् मुल्याङ्कित रहि सारभुत रुपमा प्रभावग्राही रहेकोले बोलपत्र स्वीकृतिका लागि पेश गरेकोले मिति २०८२/०९/२० गते उक्त कम्पनीको नाममा बोलपत्र स्वीकृत गर्ने सात दिने आशयको सुचना प्रकाशित गरिएको, मिति २०८२/०९/२९ गतेका दिन उक्त कम्पनीका नाममा च.न. ९११को सम्झौता गर्न आउनुहुन भनि १५ दिनको म्याद सहित प्रथम पटक पत्र पठाईएकोमा उक्त अवधिमा सम्झौता गर्न नआएकाले स्थानीय राजश्व परामर्श समितीको बैठकको निर्णानुसार सात दिनको म्याद सहितको मिति २०८२/१०/१८ गते च.न. १०८४ को दोस्रो पत्र र मिति २०८२/१०/२६ गते च.न ११२९को तेस्रो पटक पत्र पठाँउदा समेत सम्पर्कमा नआए पश्चात मिति २०८२/११/०८ मा च.न. ११७८ को पत्र मार्फत बोलपत्रदातालाई कार्यालयमा उपस्थितीका लागि बोलाईएकोमा २०८२/११/१५ सम्म बोलपत्रदाता सम्पर्कमा नआएकाले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा(५) मा भएको व्यबस्था बमोजिम निजको बोलपत्रको जमानत रकम जफत गरि सोही ऐनको दफा ६३ को १(ख) मा भएको व्यबस्था बमोजिम स्वीकृतीका लागि छनौट भएको बोलपत्रदाता वा प्रस्तावदाता दफा ३८ तथा म्याग्दे गाउँपालिकाको सार्वजनीक खरिद नियमावली २०७६ को नियम १४२ को मर्म र भावना समेत बमोजिम सम्झौता गर्न नआएमा एक बर्ष देखि तीन बर्ष सम्मका लागि कालोसुचीमा राख्नका लागि मिति २०८२/११/१५ गतेको स्थानीय राजश्व परामर्श समितीको बैठकको निर्णय तथा सिफारिस समेतको आधारमा २ वर्षको लागी कालो सुचिमा राख्नको लागी सार्बजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गरिएकोमा ताहाँ कार्यलयको प.स. ०८२।०८३ कानुन च.न MK १३३० मिति २०८२।११।२९ को पत्र मार्फत फायल फिर्ता आएको हुदा यस कार्यालयको मिति २०८२।१२।१५ को राजश्व परामर्श समितिको निर्णय तथा सिफारिस समेतको आधारमा आन्तरिक रुपमा २ वर्षको लागी कालो सुचिमा राख्ने सोको सुचना अन्य सबै सार्वजनीक निकाय लाई र सम्वन्धीत ठेकेदार लाई दिने साथै स्थानीय पत्रिकामा समेत सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय न. १८५/२०८२।०८३- ०४,

थर्पुअस्पताल सञ्चालक समितिको माग तथा निवेदन अनुसार तपशिल बमोज़िमका विषयहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल

१, औषधी खरिद अनुदान रु ४,५०,०००।० ( स्वीकृत वजेटको सि.न. २००,२०१, २०६ र २१२ वाट )मिति २०८२।०९।२० को सभाको निर्णय न. ३८ अनुसार

२, फर्मेशी र्‍याग निर्माण ( स्वीकृत वजेट वाट

३, प्रोजेक्टर जडान ( स्वीकृत वजेट वाट )

Scanned with CamScanner

४, अन्य माग अनुसारका कार्यहरु ( स्वीकृत वजेट वाट )

**निर्णय न. १८५/२०८२।०८३– ०५,**

राजश्व परामर्श समितिको मिति २०८२।१२।१५ को वैठक ले गरेको निर्णय तथा सिफारिस कार्यन्वयन गर्ने निर्णय गरियो ।

**निर्णय न. १८५/२०८२।०८३– ०६,**

सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८२।११।१५ देखी २०८२।२१।१४ सम्म जारी भएका विभिन्न परिपत्र तथा सुझाव कार्यन्वयन निर्देशन र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको विभिन्न परिपत्र तथा सुझाव कार्यान्वयन निर्देशन अनुसारको व्यहोरा अवगत भयो । दुवै निकायको पत्र अनुसार गाउँपालिका र विषयगत शाखा, समिति र वडा कार्यालय वाट सोही निर्देशन अनुसार काम कारवाही सम्पादन गर्नको लागी निर्देशन तथा जानकारी गराउने निर्णय गरियो ।

**निर्णय न. १८५/२०८२।०८३– ०७**

**तपशिल बमोजिमका मापदण्ड तथा कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।**

**तपशिल**

१, म्याग्दे गाउँपालिकाको व्यवस्थापन परिक्षण मापदण्ड २०८२

**निर्णय न. १८५/२०८२।०८३– ०८,**

सडक, नदी खोला खोल्सा तथा भिर, वन, पानीको मुहान, धार्मिक क्षेत्र, सार्वजनीक जग्गा आदीको मापदण्ड निर्माण तथा तिन पाग्रे सवारी साधनको रुट सहित भाडा निर्धारण सम्वन्धमा रायसुझाव संकलन प्रयोजनार्थ सि.न. ७२ वाट रु २८००००।० वजेट दायीत्व वहन गर्नेगरी तपशिल बमोजिम वडास्तरमा छलफल कार्यकम तय गर्ने निर्णय गरियो ।

**तपशिल**

Scanned with CamScanner

| सि.न. | वडा न. | कार्यक्रम मिति | सहभागी विवरण |
|---|---|---|---|
| ०१ | १ | २०८२।१२।१९ | टोलविकाश, आमा समुह, युवाक्लव, सामुदायीक वन, वि.व्य.स. अध्यक्ष ,स्थानीय राजनीतिक दलका प्रतिनिधि, वडाका निवर्तमान पदाधिकारी, वडाका वर्तमान पदाधिकारी र सरोकार अन्य व्यक्तीहरु सहित बढीमा ५० जना |
| ०२ | २ | २०८२।१२।२२ | टोलविकाश, आमा समुह, युवाक्लव, सामुदायीक वन, वि.व्य.स. अध्यक्ष ,स्थानीय राजनीतिक दलका प्रतिनिधि, वडाका निवर्तमान पदाधिकारी, वडाका वर्तमान पदाधिकारी र सरोकार अन्य व्यक्तीहरु सहित बढीमा ५० जना |
| ०३ | ३ | २०८२।१२।२३ | टोलविकाश, आमा समुह, युवाक्लव, सामुदायीक वन, वि.व्य.स. अध्यक्ष ,स्थानीय राजनीतिक दलका प्रतिनिधि, वडाका निवर्तमान पदाधिकारी, वडाका वर्तमान पदाधिकारी र सरोकार अन्य व्यक्तीहरु सहित बढीमा ५० जना |
| ०४ | ४ | २०८२।१२।२४ | टोलविकाश, आमा समुह, युवाक्लव, सामुदायीक वन, वि.व्य.स. अध्यक्ष ,स्थानीय राजनीतिक दलका प्रतिनिधि, वडाका निवर्तमान पदाधिकारी, वडाका वर्तमान पदाधिकारी र सरोकार अन्य व्यक्तीहरु सहित बढीमा ५० जना |
| ०५ | ५ | २०८२।१२।२६ | टोलविकाश, आमा समुह, युवाक्लव, सामुदायीक वन, वि.व्य.स. अध्यक्ष ,स्थानीय राजनीतिक दलका प्रतिनिधि, वडाका निवर्तमान पदाधिकारी, वडाका वर्तमान पदाधिकारी र सरोकार अन्य व्यक्तीहरु सहित बढीमा ५० जना |
| ०६ | ६ | २०८३।०१।०३ | टोलविकाश, आमा समुह, युवाक्लव, सामुदायीक वन, वि.व्य.स. अध्यक्ष ,स्थानीय राजनीतिक दलका प्रतिनिधि, वडाका निवर्तमान पदाधिकारी, वडाका वर्तमान पदाधिकारी र सरोकार अन्य व्यक्तीहरु सहित बढीमा ५० जना |
| ०७ | ७ | २०८२।१२।३० | टोलविकाश, आमा समुह, युवाक्लव, सामुदायीक वन, वि.व्य.स. अध्यक्ष ,स्थानीय राजनीतिक दलका प्रतिनिधि, वडाका निवर्तमान पदाधिकारी, वडाका वर्तमान पदाधिकारी र सरोकार अन्य व्यक्तीहरु सहित बढीमा ५० जना |

निर्णय न. १८५/०८२।०८३–,०९

विगत देखी गा.पा. को स्वामीत्वमा रही पठक पटक लिलाम बिकी गर्दा पनी लिलाम सकार नभएका तपशिलमा उल्लेखित स्थानहरुमा रहेका ढुङ्गा, गिट्टी, बालुवा, लगायत नदीजन्य पदार्थहरु जे जस्तो अवस्थामा छन सोहि अवस्थामा सरकारी सम्पती तथा जिन्सी मालसामान लिलाम बिकी सम्वन्धी कार्यविधि २०७९/ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली २०७७ /मा भएको व्यवस्था अनुसार पुन प्राविधिक नापजाच गर्नको लागी राजश्व व्यवस्थापन उपशाखा, शहरी पुर्वाधार विकाश शाखा , सार्वजनीक सम्पती व्यवस्थापन उपशाखा र नगरप्रहरी लाई निर्देशन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय न. १८५/२०८२।०८३- १२,

म्याग्दे गाउँपालिका अर्न्तगत सञ्चालित तपशिल बमोजिमका सामुदायकि तथा सस्थागत विद्यालयहरु लाई तपशिल बमोजिम स्तरीकरण गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | विद्यालय स्तरीकरण |
|---|---|---|---|---|
| १ | हिरामणि आ.वि. | म्याग्दे-५ | १-५ | ग |
| २ | अकला आ.वि. | म्याग्दे-६ | १-८ | ग |
| ३ | महेन्द्र मा.वि. | म्याग्दे-१ | १-१२ | ख |
| ४ | जनगणपति आ.वि. | म्याग्दे-३ | १-१० | ख |
| ५ | विजय आ.वि. | म्याग्दे-१ | १-८ | ग |
| ६ | राधा मा.वि. | म्याग्दे-२ | १-१२ | ख |
| ७ | मिलिजुली आ.वि. | म्याग्दे-७ | १-३ | ग |
| ८ | सरस्वती आ.वि. | म्याग्दे-७ | १-५ | ग |
| ९ | जनजौकुमारी शाही आ.वि. | म्याग्दे-७ | १-५ | ग |
| १० | पञ्चकन्या आ.वि. | म्याग्दे-५ | १-३ | ग |
| ११ | पसले आ.वि. | म्याग्दे-३ | १-८ | ख |
| १२ | पार्वती आ.वि | म्याग्दे-४ | १-५ | ख |
| १३ | जनता आ.वि. | म्याग्दे-७ | १-३ | ग |
| १४ | स्वास्थ्य आ.वि. | म्याग्दे-७ | १-३ | ग |
| १५ | प्रभा आ.वि. | म्याग्दे-६ | १-८ | ग |
| १६ | रविचन्द्र आ.वि. | म्याग्दे-३ | १-५ | ग |
| १७ | गणेश मा.वि. | म्याग्दे-४ | १-१० | ग |
| १८ | मिन मा.वि. | म्याग्दे-४ | १-१२ | ख |
| १९ | रत्न मा.वि. | म्याग्दे-६ | १-१० | ग |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| २० | कुलज्योति आ.वि. | म्याग्दे-१ | १-५ | ग |
| २१ | शान्ती आ.वि. | म्याग्दे-६ | १-५ | ग |
| २२ | जनशक्ति आ.वि. | म्याग्दे-५ | १-५ | ग |
| २३ | आदर्श वोर्डिङ स्कुल | म्याग्दे-४ | १-१० | ख |
| २४ | मेघदह ईङलिस वोर्डिङ स्कुल | म्याग्दे-२ | १-१० | ख |
| २५ | न्यु भिजन पब्लिक एकेडेमी | म्याग्दे-४ | १-१० | ग |
| २६ | सिद्धिविनायक ईङ्लिस स्कुल | म्याग्दे-१ | १-५ | ग |

निर्णय न. १८५/०८२।०८३–,१३

जिल्ला आर्थिक गणना कार्यालय तनहुँ को च.न. १७ मिति २०८२।१२।११ को पत्रअनुसार तपशिल बमोजिम **स्थानीय आर्थिक गणना समन्वय समिति** गठन गर्ने निर्णय गरियो ।

तपशिल

१, गा.पा. अध्यक्ष श्री श्रीप्रसाद श्रेष्ठ :-संयोजक

२, गा.पा. उपाध्यक्ष श्री वालकृष्ण घिमिरे :-सदस्य

३, स्थानीय उद्योग वाणीज्यसंघका प्रतिनिधि ३ जना :- सदस्य

४, थर्पु प्रहरी प्रमुख :-सदस्य

५, प्रमुख प्रशासकिय अधिकृत :- सदस्य सचिव

निर्णय न. १८५/०८२।०८३–,१४

भुमी व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयको च.न. ८२ मिति २०८२।१२।१० को पत्र प्राप्त भई व्यहोरा अवगत भयो उक्त पत्रअनुसार गरिवपरिवार पहिचान गर्न परिवारको तथ्याङ्क संकलन सम्वन्धी मापदण्ड अनुसार यही चैत्र मसान्त भित्र ९ जना गणक करार सिप परिक्षण १० अङ्क तथा

Scanned with CamScanner

निर्णय न. १८५/०८२।०८३–,१७

ठेक्का नलागे सगै विकी तथा निकाशी कर संकलन प्रयोजनार्थ विभिन्न ढाटको फिल्डमा खटिएका कर्मचारी लाई विहानको खाना, दिउसोको खाजा र मासिक रु ७०००।० थप कार्यचाप भत्ता १५% करकट्टी गरी सि.न. ८ कर्मचारी प्रोत्साहन तथा पुरस्कार र सि.न. ५१,५२ कन्टीजेन्सी वाट उपलब्ध गराउने /साथै नगरप्रहरीको हकमा खाना खाजा का अतिरिक्त मासिक रु ५०००।० थप भत्ता उपलब्ध गराउने र अन्य थप वाहीरी जनशक्ती आवश्यक्ता अनुसार करार गरेको हकमा दैनीक रु १०००।० ज्याला मात्र दिने र जनशक्ती वस्ने डाक रहने स्थानमा १ /१ कोठा भाडामा लिईएको हुदा प्रर्तिकोठा स्थान र कोठाको गुणस्तर हेरेर मासिक रु २०००।० देखी ३०००।० सम्म घर भाडादिने गरी सम्झौता अगाडी वढाउने निर्णय गरियो ।

निर्णय न. १८५/०८२।०८३–,१८

गण्डकी प्रदेश नीति तथा योजना आयोगको मिति २०८२।१२।०४ को च.न. १९० को पत्र प्राप्त भई व्यहोरा अवगत भयो । उक्त पत्र अनुसार आर्थिक वर्ष ०८३।०८४ को लागी तपशिल वमोजिम ३/३ वटा योजनाहरु छनौट गरी समपुरक योजना सि.न. १ ,२, ३ को हकमा गाउँपालिकावाट ५०% लागत सहभागीता गर्ने प्रर्तिवद्धता सहित स्विकृतको लागी प्रदेश नीति तथा योजना आयोग पोखरामा लेखी पठाउने निर्णय गरियो ।

तपशिल

(क) समपुरक अनुदान योजना तर्फ

| सि.न/ यो प्रा.न. | योजना तथा कार्यक्रम को नाम | योजना स्थल | अनुमानीत लागत रकम रु | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| ०१/०१ | स्यानीटरी ल्याण्डफिल्ड साईट सडक पहुच विस्तार तथा अन्य पुर्वाधार निर्माण | म्याग्दे २ वहपुर | ३००००००००।० | २२.८ रोपनी जग्गा खरिद सगै आयोजना कमागत रहेको | फोहोरमैला प्रशोधन तथा व्यवस्थापन सूचक न. (ड) सग सम्वन्धीत |
| ०२/०२ | वडहरे काफलेथोक, पाटेचौर भैसीखर्क रानीटारी सिहाले सडक निर्माण | म्याग्दे १,२,७ | ३००००००००।० | अति आवश्यक रहेको | सडक पुर्वाधार सूचक न. (ट) सग सम्वन्धीत । |
| | जम्मा २ योजना | | ६०००००००।० | | |

(ख) तपशिल बमोजिम विशेष अनुदान योजना तर्फ

| सि.न/ यो प्रा.न. | योजना तथा कार्यक्रम को नाम | योजना स्थल | अनुमानीत लागत रकम रु | हालको अवस्था | कैफिएत |
|---|---|---|---|---|---|
| ०१/०१ | म्याग्दे दुग्ध सहकारी संस्था दुग्धपदार्थ पार्श्चराईजेशन तथा प्रविधि सूधार | म्याग्दे १ देखी ७ | १००००००0।0 | स्थानीय कृषकबाट सञ्चालीत उच्च गुणस्तरीय दुध र दुध जन्य पदार्थ उत्पादन तथा बिकी वितरण केन्द्र | सूचक न. (ड) खाद्यसुरक्षा सुनिश्चीत गर्ने सग सम्बन्धीत आयोजना |
| ०२/०२ | बालमैत्री स्थानीय शासन घोषणा अर्न्तगत वडा न. १,२,४, ५,६, र ७ मा शौचालय र खानेपानी निर्माण | म्याग्दे १ देखी ७ | १००००००0।0 | अति आवश्यक रहेको | सूचक न. (क) शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभुत सेवाको विकाश र आपुर्ति संग सम्वन्धीत आयोजना |
| | जम्मा २ योजना | | २००००००0।0 | | |

निर्णय न. १८५/०८२।०८३–,१९

गण्डकी प्रदेश कृषि भुमी व्यवस्था तथा सहकारी मन्त्रालयको मिति २०८२।१२।०८ को च.न.८७८ को परिपत्र निर्देशन अनुसार म्याग्दे गाउँपालिका भित्र रहेका तपशिल बमोजिमका सडकको लगत कट्टाको लागी पत्राचार तथा प्रस्ताव पेशगर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स | बाटोको लम्बाई | साझेदारी | बाटोको चौडाई | बाटोको प्रकृति कच्चि/पक्की | बाटोको स्तर (स्थानिय, प्रदेश, राष्ट्रिय) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १० कि.मि | लागतको २०% | १० मिटर | पक्की | अन्तर पालीका | धुम्ति रानटारी मोटरमार्ग |
| २ | ७ कि.मि | लागतको २०% | १० मिटर | पक्की | अन्तर पालीका | भिमाद खैरहनि |

Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | ७ कि.मि | लागतको २०% | ८ मिटर | पक्की | स्थानिय | जन जाग्रिति मोटरमार्ग |
| ४ | ३ कि.मि | लागतको २०% | ८ मिटर | पक्की | स्थानिय | शिव पञ्चायन मोटर मार्ग |
| ५ | ५ कि.मि | लागतको २०% | ८ मिटर | पक्की | स्थानिय | धयरे किलचोक मोटरमार्ग |
| ६ | ५ कि.मि | लागतको २०% | ६ मिटर | कच्ची | स्थानिय | हरीयाली मोटर मार्ग |
| ७ | २० कि.मि | लागतको २०% | ८ मिटर | कच्चि | स्थानिय | उत्तरी रीङ्गरोड |
| ८ | २५ कि.मि | लागतको २०% | १० मिटर | कच्चि | अन्तर पालीका | मानहुँ भिमाद पुलको मुख मोटर मार्ग |
| ९ | १५ कि.मि | लागतको २०% | १० मिटर | कच्ची | अन्तर पालीका | दुलेगौडा हर्षपुर मोटरमार्ग |
| १० | २० कि.मी | लागतको २०% | ८ मिटर | कच्ची | स्थानिय | दक्षीण रीङ्गरोड |
| ११ | १० कि.मी | लागतको २०% | ८ मिटर | कच्चि | स्थानिय | छाङ्ग थर्पु मोटर मार्ग |
| १२ | ५० कि.मि | लागतको २०% | ६ मिटर | कच्चि/पक्की दुवै | स्थानिय | |

निर्णय न. १८५/०८२।०८३–,२०

हर्षपुरटोल विकाश सस्था ले दिएको निवेदन तथा वडा न. ७ को मिति २०८२।१२।१५ को च.न.९०३ को पत्र मार्फत लेखी आए अनुसार वडा न. ७ हर्षपुर लामो चौतारो मा रहेको वर पिपलको रुख हावाहुरी वतास वाट ढल्ने सो वाट सरस्वती आधारभुत विद्यालय र सार्वजनीक वाटो समेत लाई असर सगै मानवीय जोखीम रहेको भन्ने निवेदन र कटानको लागी अनुमती माग भएको हुदा अनुमती को लागी जिल्ला प्रशासन कार्यालय तनहुँ र जिल्ला वन कार्यालय तनहुँलाई सिफारिस गर्ने निर्णय गरियो

निर्णय न. १८५/०८२।०८३–,२१

गाउँसभा र गाउँकार्यपालिकाको निर्णय अनुसार चालु आर्थिक वर्ष २०८२।०८३ अर्न्तगत हालसम्म गाउँपालिका अध्यक्ष, र प्रमुख प्रशासकिय अधिकृत बाट कमश भएका तोकआदेश, टिप्पणी स्वीकृत तथा कार्यदेश र टिप्पणी स्वीकृत भई सम्पादन गरिएका सवै खर्चहरुको विवरण पेशभएको हुदा नियम सम्मत नै भएकोले अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय न. १८५/२०८२।०८३– २२,

Scanned with CamScanner

प्राविधिकको कार्यसम्पन्न प्रतिवेदन सहित  योजना अनुगमन समितिको सिफारिस समेतको आधारमा अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतको तोक आदेश सहित गाउँपालिकाले सम्झौता गरी मिति २०८२ फाल्गुण १५ गते देखी २०८२ चैत्र १४ सम्म सम्पन्न गरेका सवै (गाउँपालिका स्तरीय वडास्तरीय, र विषयगत शाखा स्तरीय ) योजना तथा कार्यकम निर्धारित गुणस्तरमा सम्पन्न भएको हुदा फरफारक गर्ने निर्णय गरियो ।

**निर्णय न.१८५/२०८२।०८३–२३ ,**

मिति२०८२।११।१५को कार्यपालिका वैठकको निर्णय कार्यान्वयन सम्वन्धमा प्रमुख प्रशासकिय अधिकृत वाट पेशभएको प्रगती विवरण जानकारी भई अझै कार्यन्वयनमा तिव्रता दिने निर्णय गरियो ।

**निर्णय न. १८५/२०८२।०८३–,२४**

आंजको वैठकमा २४ वटा प्रस्ताव पेशभई कुनैपनि विवाद नभई २४ वटै प्रस्तावमा  निर्णयहरु सर्वसम्मत रुपमा सम्पन्न भयो ।

Scanned with CamScanner